# राष्ट्रिय स्वतन्त्र पार्टी

## नवनिर्वाचित सांसदहरूको अभिमुखीकरण तथा परिचयात्मक कार्यक्रम

*परिवर्तनको नेतृत्व, परिणामको राजनीति*

**मितिः** २०८२ चैत्र ३–४

**स्थानः** होटल रोयल टुलिप, ग्वार्को, ललितपुर

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना। नेपाली जनताले परिवर्तन, सुशासन, पारदर्शिता र उत्तरदायी नेतृत्वको अपेक्षासहित तपाईंहरूलाई संसदमा पठाएका छन्। जनताको विश्वास र आशालाई सार्थक बनाउँदै प्रभावकारी, जिम्मेवार र परिणाममुखी संसदीय भूमिका निर्वाह गर्नु प्रत्येक सांसदको महत्वपूर्ण दायित्व हो।

संसदीय अभ्यास, विधायिकी प्रक्रिया, नीति निर्माण, संसदीय समितिहरूको भूमिका, बजेट तथा कानुन निर्माण प्रक्रिया, साथै निर्वाचन क्षेत्रमा जनतासँग प्रभावकारी सम्बन्ध कायम राख्ने विषयहरूबारे स्पष्ट समझ र साझा दृष्टिकोण विकास गर्नु आवश्यक छ। यसै उद्देश्यले राष्ट्रिय स्वतन्त्र पार्टीले नवनिर्वाचित सांसदहरूका लागि अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो।

यस कार्यक्रममार्फत सांसदहरूलाई नेपालको संवैधानिक व्यवस्था, संसद सञ्चालन प्रणाली, विधायन प्रक्रिया, सुशासन र पारदर्शिताका मापदण्ड, नीति विश्लेषण, जनप्रतिनिधिको आचरण, सञ्चार तथा सार्वजनिक उत्तरदायित्व जस्ता विषयहरूमा जानकारी प्रदान गरिनेछ। साथै पार्टीको नीतिगत प्राथमिकता, रणनीतिक कार्यदिशा तथा संसदभित्र र बाहिर प्रभावकारी समन्वयका उपायहरूबारे साझा समझ विकास गरिनेछ।

यस अभिमुखीकरण कार्यक्रमले नवनिर्वाचित सांसदहरूलाई आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक ज्ञान, सीप र दृष्टिकोण प्रदान गर्दै, जनताको अपेक्षालाई नीतिगत उपलब्धिमा रूपान्तरण गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

तल प्रस्तुत **कार्यक्रम तालिका** अनुसार अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

### कार्यक्रमको उद्देश्य

- नवनिर्वाचित सांसदहरूलाई संसदीय प्रक्रिया, कानुन निर्माण, नीति विश्लेषण र जनप्रतिनिधिको भूमिकाबारे स्पष्ट बुझाइ प्रदान गर्नु।
- सांसदहरूलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी प्रतिनिधि बन्न सहयोग गर्नु।
- पार्टीको रणनीति, दृष्टिकोण र नीतिगत प्राथमिकता स्पष्ट गराउनु।
- संसद, सरकार र निर्वाचन क्षेत्रबीच प्रभावकारी समन्वय कायम गर्न सक्षम बनाउनु।

## पहिलो दिन: संसदीय भूमिका, कानून निर्माण र संवैधानिक जिम्मेवारी

| समय | सत्र | विषयवस्तु | सहजकर्ता / वक्ता |
|---|---|---|---|
| १०:०० — ११:०० | दर्ता तथा परिचय | सहभागीहरूको दर्ता, मोबाइल फोन संकलन तथा परिचयात्मक कार्यक्रम | सम्पुर्ण सदस्यहरू **क्याजुअल पोशाकमा** (Casual dress)<br>सञ्चालन: श्री विपिन कुमार आचार्य, सह–महामन्त्री |
| उद्घाटन कार्यक्रम | | | |
| ११:०० — ११:१० | उद्घाटन सत्र | नेपाली राष्ट्रिय गान, शहीदहरू प्रति श्रद्धाञ्जली, स्वागत मन्तव्य तथा कार्यक्रमको औपचारिक शुभारम्भ (पार्टी नेतृत्वद्वारा घण्टी बजाई उद्घाटन) | कार्यक्रम सञ्चालक |
| ११:१० — ११:१५ | | कार्यक्रमको उद्देश्य र महत्व | डा. अरनिको पाँडे |
| ११:१५ — ११:३० | | उद्घाटन मन्तव्य तथा Keynote Address | डा. स्वर्णिम वाग्ले, उपसभापति |
| ११:३० — ११:४५ | | उद्घाटन मन्तव्य, चुनावी अभियानको नेतृत्व सम्बन्धमा अनुभव तथा निर्देशनहरू | श्री डोल प्रसाद अर्याल, उपसभापति |
| ११:४५ — १२:०० | | समूह फोटो सेसन | व्यवस्थापन टिम तथा सञ्चारकर्मीहरू |
| १२:०० — १३:०० | | **भोजन विश्राम (Lunch Break)** | |
| १३:०० — १३:३० | | समूह निर्माण (Team Building) गतिविधि | श्री मेघ आले, श्री अनिल चित्रकार लगायत |
| १३:३० — १४:०० | सत्र १ | देशको वर्तमान अवस्था, पार्टीका प्रतिबद्धता, जिम्मेवारी तथा सांसदको भूमिका | डा. स्वर्णिम वाग्ले, उपसभापति |
| १४:०० — १४:४५ | सत्र २ | संसदको संरचना तथा कार्यप्रणाली: सांसदका अधिकार र जिम्मेवारी | श्री सुरेश अधिकारी, पूर्व सचिव, नेपाल सरकार एवं संसद सचिवालयसमेत |
| १४:४५ — १५:३० | सत्र ३ | संघीय संसदमा कानून निर्माण प्रक्रियामा सांसदको भूमिका | श्री तोयानाथ अधिकारी, पुर्व कानून सचिव, नेपाल सरकार |
| १५:३० — १६:०० | | चिया / कफी विश्राम | |
| १६:०० — १६:४५ | सत्र ४ | कृत्रिम बुद्धिमत्ता र एल्गोरिदम: लोकतन्त्र, शक्ति सन्तुलन र सुशासनमा प्रभाव | डा. दोभान राई, अध्येता एवं आइटि विज्ञ |
| १६:४५ — १८:०० | सत्र ५ | संसदिय अनुभव र प्रस्तुति<br>(१० मिनेट १ जनालाइ) | श्री अशोक चौधरी, श्री शिशिर खनाल, डा. तोसिमा कार्की, श्री सोविता गौतम, श्री गणेश पराजुली, श्री हरि ढकाल, श्री मनिष झा, श्री विराज भक्त श्रेष्ठ |
| १८:०० — १९:०० | सत्र ६ | चुनाबि प्रतिबेदन प्रस्तुति<br>समूह छलफल तथा ब्रेनस्टोर्मिङ<br>(१५ समूह — १५ रणनीतिक प्रश्न)) | श्री रवि किरण अधिकारी, श्री शंकर श्रेष्ठ, श्री निश्चल सिंह भण्डारी |
| १९:०० — २२:०० | | डिनर तथा परिचयात्मक कार्यक्रम<br>निरन्तरता तथा नेतृत्व संवाद | सम्पुर्ण सहभागिहरू **औपचारिक पोशाकमा** (Formal Attire) |

## दोस्रो दिन: योजना, बजेट निर्माण, सुशासन, र राजनीतिक संस्कार विकास

| समय | सत्र | विषयवस्तु | सहजकर्ता / वक्ता |
|---|---|---|---|
| ०६:३० — ०७:३० | | माइण्डफुलनेस अभ्यास (योग तथा ध्यानसहित) | श्री एल.पी. भानु शर्मा |
| ०७:३० — ०८:३० | | बिहानको खाजा | |
| ०९:०० — ०९:४५ | सत्र ७ | सरकार सञ्चालन प्रक्रियाः योजना तथा बजेट निर्माण | डा. तोयानारायण ज्ञवाली, पूर्व सचिव, राष्ट्रिय योजना आयोगसमेत, नेपाल सरकार |
| ०९:४५ — १०:३० | सत्र ८ | सुशासनः अवधारणा र अभ्यास ‘ सांसद तथा नीति निर्माताका लागि | श्री प्रताप कुमार पाठक, पूर्व सचिव, नेपाल सरकार |
| १०:३० — ११:१५ | सत्र ९ | पार्टी र सांसदको सम्बन्धः नयाँ राजनीतिक संस्कारमा सांसदको भूमिका, आचारसंहिता तथा न्यूनतम प्रतिबद्धता | श्री कविन्द्र बुर्लाकोटी, महामन्त्री; श्री आरके ढुंगाना, के.सदस्य |
| ११:१५ — १२:०० | सत्र १० | सांसदद्वारा एजेण्डा प्राथमिकता निर्धारण (समूह कार्य तथा प्रस्तुति) | सबै सहभागीहरू \| कार्यक्रम सञ्चालक |
| | | समापन कार्यक्रम | |
| १२:०० — १२:१५ | समापन सत्र | एजेण्डा प्राथमिकता निर्धारणको प्रस्तुति | श्री प्रतिभा रावल तथा श्री मनिष झा |
| १२:१५ — १२:३० | | सहभागीको तर्फबाट धन्यवाद मन्तव्य | श्री प्रशान्त उप्रेति तथा श्री खिमा बिक (जेन्जी सांसद) |
| १२:३० — १३:०० | | पार्टीको रणनीति, दृष्टिकोण र नीतिगत प्राथमिकता तथा समापन मन्तव्य | सभापति श्री रवि लामिछाने |
| १३:०० पछि | | दिउँसोको भोजन | |

**टिप्पणी:** कार्यक्रमको तालिका आवश्यकताअनुसार परिवर्तन हुन सक्नेछ।